ट) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण शाखा प्रमुख — सदस्य सचिव

(२) दफा ३ (१) ञ वमोजिमको सदस्य कार्यपालिकाले तोके वमोजिमको समय सम्म वहाल रहनेछ ।

३) बजार व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

**४. वजार व्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(क) बजार व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, अनुगमन मूल्याङ्कन र समीक्षा  गर्ने ।

(ख) वजार स्थलहरु तोक्ने एवं वस्तु अनुसारका वजार क्षेत्र तोक्ने ।

ग) वजार व्यवस्थापन एवं अनुगमनका लागि आवश्यक सूरक्षा व्यवस्था मिलाउने ।

घ) बजार व्यवस्थापन कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

ङ) उपभोक्ता हित संरक्षण समितिले गरेका कार्यको समिक्षा गर्दै आवश्यक सल्लाह सुझाव दिने ।

च) उपभोक्ता हित संरक्षण समितिले कालो सूचिमा राख्न सिफारिश गरेका फर्म तथा व्यक्तिलाई कालो सूचिमा राखि तोकिए वमोजिमको कारवाहीको प्रकृया अगाडी वढाउने ।

(छ) सचेतनामूलक विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(ज) बजार व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको समन्वय जनचेतना अभिवृद्धि गर्न नीति तय गर्ने ।

## परिच्छेद–३

## उपभोक्ता हित संरक्षण समिति

**५. उपभोक्ता हित संरक्षण समिति**

उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत ब्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई समन्वयको लागि नगरपालिकाले निम्नानुसारको उपभोक्ता हित संरक्षण समितिको गठन गर्नेछ ।

(क). वीरेन्द्रनगर नगरपालिकाको  उपप्रमुख — संयोजक

(ध) बरफ तथा आइसक्रिम उद्योगले प्रयोग गर्ने पानी ताजा फिल्टर गरिएको हुनुपर्नेछ ।

(न) खानेकुरालाई राम्रोसँग छोपेर वा जाली भएको दराजमा बन्द गरि राख्नुपर्नेछ ।

(प) होटल तथा रेष्टुरामा शौचालयको समुचित प्रवन्ध हुनुपर्नेछ । तर बिक्री गर्ने, खाने र पकाउने ठाउँदेखि शौचालय उपयुक्त दुरीमा व्यवस्थापन भएको हुनुपर्दछ ।

(फ) पसल अगाडीको आँगन, फुटपाथ तथा नाला सफा राख्नु पर्नेछ । व्यवसायिक एवं निर्माण सामाग्रि राख्न पाइने छैन ।

ब) बिद्यार्थी, नगरबासीलाई बाधा हुने गरी रेकर्ड प्लयेर, लाउड स्पीकर तथा चर्को आवाज उत्पादन गर्ने यान्त्रिक बस्तुहरु संचालन गर्नु हुदैन ।

(भ) पसलमा बिक्रि गरिने वस्तुहरुको मुल्य सुची र नगरपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्यरुपमा राख्नुपर्नेछ ।

(म) पसलहरु स्थानीय प्रशासनबाट तोकिएको समय सम्म मात्र खुल्ला राख्न पाइनेछ ।

(य) बालीनाली नोक्सान पार्ने, सार्वजनिक यातायात, पैदलयात्रुलाई कठिनाई पुऱ्याउने, छरछीमेकलाई असर पार्ने गरि वा नगरक्षेत्रको स्वच्छता र सौन्दर्यतामा असर हुने गरी सुंगुर, बंगुर, हाँस, घोडा, खच्चर, गधा, गाई, भैंसी, भोडा बाख्रा, वा अन्य बस्तु छाडा छाड्न  पाइनेछैन ।

(र) १८ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई श्रममा प्रयोग गर्न पाइने छैन ।

(ल) फ्रेसहाउस सञ्चालन गर्दा तोकिएको मापदण्ड पुरा गरी संचालन गर्नुपर्नेछ । छिमेकमा दुर्गन्ध आउने गरी फुटपाथमा वा अन्य स्थानमा जिँउदो वा मरेको कुखुरा राख्न पाइने छैन ।

२. सार्वजनिक एवं ऐलानी जग्गा, सडक तथा फुटपाथ अतिक्रमण एवं अबरोध गर्न नपाईने : मुख्य बजार क्षेत्रमा रहेको सडक तथा फुटपाथमा कुनै पनि प्रकारले अवरोध हुने गरि विक्री गर्ने सामान झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डबोर्ड, साईकल मोटर साईकल पार्किङ्ग, साइकल मोटरसाईकल मर्मत गर्ने काम, ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन । सार्वजनिक एवं ऐलानी पर्ति जग्गा र वजार क्षेत्रमा अनुमति घर टहरा निर्माण र निर्माण सामाग्रि सडक एवं फुटपाथमा राख्न पाइने छैन ।

३. कवाडी, फलफूल, तरकारी तथा माछामासु बजार : (क) नगरपालिकाबाट तोकिएको

